# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र

भाग-२ खण्ड: ३ संख्या :८

**पारित भएको मिति: २०७७/०७/२३**

**प्रकाशन मिति: २०७७/०८/०३**

**पहिलो संशोधन:२०८१/०७/१३**

**दोस्रो संशोधन : २०८२/०५/१९**

# कृषि तथा पशुपन्छी पालन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७ (संशोधन समेत)

आरुघाट गाउँपालिका, गोरखा

# कृषि तथा पशुपन्छी पालन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७

**प्रस्तावना:** गाउँपालिका भित्र **कृषि तथा पशुपन्छी पालन** गरिरहेका कृषककहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत पशु कृषि विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरलिकृत र पद्धतिमूलकरुपले संचालन गर्न बाञ्छनीय भएकोले आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यो कार्यविधिको नाम "**कृषि तथा पशुपन्छी पालन** अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७ रहेको छ।

२) यो कार्यविधि आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

३) यो कार्यविधि आरुघाट गाउँपालिका भर लागु हुनेछ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले आरुघाट गाउँपालिकालाई जनाउँदछ।

२) "आवेदक" भन्नाले अनुदान प्रयोजनका लागि आरुघाट गाउँपालिकाको कृषि/पशु शाखा, वडा तथा गाउँपालिकामा आवेदन दिएका कृषक, कृषि फर्म, पशुपंछी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुग्ध सहकारी, मासु पसल, नर्सरी, घाँस खेती, सामुहिक गोठसंचालक,** विधालय, आमा/महिला समूह, ** कृषि, पशु तथा मत्स्यपालक कृषकलाई समेत जनाउँदछ ।

३) फर्म भन्नाले नियम अनुसार दर्ता भएका फर्म लाई जनाउदछ ।

**३. उद्देश्यहरु:**

१) कृषि तथा पशुपंछीजन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई रोजगार तथा स्वरोजगार एवं व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने।

२) कृषि तथा पशुपंछी क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रबर्द्धन गर्ने।

३) साना तथा मझौला कृषकहरुलाई समेत व्यवसायीक पशुपलानमा प्रोत्साहन गर्ने।

४) एक्कल महिला, विपन्न, दलित,अपांग, युवा तथा आदिबासी जनजातीलाई समेत पशुपलानमा समान सहभागिता गर्ने।

५) बेरोजगारलाई रोजगार रोजगारलाई स्वरोजगार कार्यक्रम १८वर्ष देखि ५९ वर्षसम्मकाले सहभागी हुन पाउनेछ।

**परिच्छेद -२**
**कार्यक्रम संचालन प्रक्रिया**

**४. आवेदन माग गर्न सक्ने:**

४.१. अनुदान कार्यक्रम स्वीकृत बार्षिक कार्यक्रम अनुसार संचालन गर्नका लागि कृषि / पशु सेवा शाखाले **अनुसूची-१** अनुसार सार्वजनिक सूचना प्रकाशित गरी आवेदन माग गर्न सक्नेछ। उक्त सूचना गाउँपालिकाको वेवसाइट, सूचना पाटी तथा शाखा कार्यालयका सूचनापाटी र वडा कार्यालयहरुका सूचनापाटीमा टाँस गर्नुपर्नेछ।

४.२. अनुदानको कार्यक्रममा अनिवार्य रुपमा फर्म/संस्था /समूह व्यक्तिले उपदफा १ बमोजिमको सूचना अनुसार आवेदन पेश गर्दा आवेदकले **अनुसूची-२** बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ।



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक/एक प्रति , समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि,

ख) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए कुन शिर्षकमा कति अनुदान लिएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा खुलेको वडा कार्यलयको सिफारिस।

ग) आवेदकले आफूले संचालन गर्ने व्यवसायको अनुसूची -३ वमोजिमको परियोजना प्रस्ताव।

घ) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षको लागि जग्गा भाडामा लिएको करारनामा कागजको प्रतिलिपि ।

ङ) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

च) अनुसूची ४ बमोजिमको स्वघोषणा पत्र।

छ) दर्ता नभएको कृषकहरुको हकमा दफा -४ को उपदफा २(ख), (ग), (छ) र आवेदन अनुसूची अनुसार दिनुपर्ने छ।

**४.३. आवेदन संकलन :** दफा ४ को उपदफा २ बमोजिम पेश भएका आवेदनहरु कृषि/ पशु सेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ।

**पुनश्च:** रु. ५० हजार वा सो भन्दा माथिको अनुदानको कार्यक्रमको लागि अनिवार्य रुपमा कृषि/पशु व्यवसाय/कृषक समूह /कृषि सहकारी दर्ता गरेको हुनु पर्नेछ ।

## परिच्छेद -३

## कृषि तथा पशु कार्यक्रम तथा न्यूनतम मापदण्ड

**५. गाउँपालिकाले हाललाई संचालन गर्ने अनुदानका कार्यक्रमहरु र त्यसको न्यूनतम मापदण्ड निम्न बमोजिम रहेको छ**

### ५.१. पशु कार्यक्रम तर्फ :

**५.१.(क) मासु पसल सुधार :-**

१. मसुपसलमा अनिवार्य रुपमा बेसन, सेतो टायल, डी.फ्रिज र फोहोर व्यवस्थापन गर्नु पर्ने छ।

**५.१.(ख) गाई भैसी/भेंडा बाख्रा/बंगुर/कुखुरा :-**

१. व्यवसायीक कार्यक्रमको लागि दर्ता भएका फर्महरुले मात्र आवेदन गर्न पाउनेछ।

२. भेडा बाख्रा कम्तिमा २५ ओटा माउ र १ ओटा व्याड हुनुपर्ने छ।

३. बंगुरको लागि ३ ओटा माउ हुनुपर्ने छ।

४. गाई भैसी कम्तिमा २ ओटा दुहुना वा व्याउने हुनुपर्ने छ।

५.व्यवसायीक कुखुरापालनको लागि लोकल २००, लेयर्स ५०० र बोइलर ३०० ओटा हुनुपर्नेछ।

६. व्यवसायीक फर्महरुलाई न्युनतम ५०,००० देखि अधिकतम रु.२ लाख ५० हजार सम्म अनुदान दिनसक्ने छ।

**५.१.(ग) नश्ल सुधारको लागि व्याड पशु अनुदान कार्यक्रम**

१. गाई/ भैसी कम्तिमा २ ओटा हुनुपर्ने।

२. भेंडा/ बाख्राको लागि कम्तिमा १५ ओटा माउ हुनुपर्ने।

३. बंगुरको लागि कम्तिमा ३ ओटा सम्म प्रजन योग्य माउ हुनुपर्ने।

४. व्याड कम्तिमा ३ बर्ष पाल्नु पर्नेछ **तर** १ व्याड/ साडे १ बर्ष पछी हाडनाताबाट जोगिनको लागि बदला गरी निरन्तरता दिनुपर्नेछ ।

**५.१.(घ) गोठ / भकारो सुधार तथा ** मलखाद व्यवस्थापन कार्यक्रम ****

- गोठ / भकारो सुधार कार्यक्रमको लागि कम्तिमा दुई बर्ष पुगेको २ गोटा गाई / भैसी हुनुपर्नेछ।
- डेरीमा दुध बिक्रि गर्नेलाई प्राथमिकता दिइनेछ।

५.१. ** (ङ) पकेट स्थापना /विस्तार कार्यक्रम



*पहिलो संशोधन

** दोस्रो संशोधन

- स्थानीय कुखुरा संरक्षण(खोर निर्माण /मर्मत स्थानीय कुखुराका चल्ला खरिद वितरण तालिम औषधि व्यवस्थापन )
- वाखा प्रवर्द्धन(खोर निर्माण/मर्मत,नस्लसुधार उन्नत ब्याड बोका वितरण,तालिम परजीवी नियान्त्रण आदि)
- गाई / भैसी प्रवर्द्धन कार्यक्रम (गोठ सुधार, नस्लसुधार उन्नत ब्याड रागो वितरण,तालिम परजीवी नियान्त्रण, खोप आदि)
- चरण खर्क सुधार कार्यक्रम (गोठ टहरा निर्माण ,गोरेटोबाटो,खानेपानी ,काठेपुल खर्कमा घासं खेति आदि )
- घुम्ती गोठ मा आवश्यक पर्ने सामाग्रीहरु ( सोलार टुकी त्रिपाल आदि)
- भेडा प्रबर्धन (उन संकलन,प्रसोधन ग्रेडिंग नस्ल सुधार परजीवी नियान्त्रण खोप आदि कार्य) **

५.२. **<u>कृषि कार्यक्रम संचालन तर्फः</u>**

५.२.(क) अर्गानिक खेति प्रणाली संचालन
५.२.(ख) मौसमी तथा वेमौसमी तरकारी खेती
५.२.(ग) नगदे तथा मसला बाली
५.२.(घ) फलफुल खेती
५.२.(ङ) व्यवसायिक मौरी प्रवर्द्धन
५.२.(च) **साना सिंचाई प्रवर्द्धन कार्यक्रम ** ( साना सिंचाई , थोपा सिंचाई , हिउँदे सिंचाई , प्लास्टिक पोखरी )
५.२.(छ) नर्सरी ब्याड ( एकल / बहुउद्देश्यीय)
५.२.(ज) ** कृषि उपज प्रशोधन तथा बजार व्यवस्थापन **
५.२ (झ) कृषि यन्त्रीकरण (मिनी ट्र्याक्टर, थ्रेसर ,रिपर, बुस कटर, च्याफ कटर , **कफी पल्पिङ मेसिन**,कफी ग्राइनडर, सोलार ड्रायर, कम्वाइन मिल ,न्यपस्याक स्प्रे )
५.२. ** (ञ) खाद्यान्न बाली उत्पादन तथा प्रवर्द्धन
५.२. (ट) तेल बाली उत्पादन तथा प्रवर्द्धन
५.२. (ठ) रैथाने बाली उत्पादन तथा प्रवर्द्धन
५.२. (ड) जैविक विविधता संरक्षण
५.२. (ढ) पारिवारिक खेति प्रवर्द्धन
५.२. (त) प्रांगारिक ,जैविक , गड्यौले मल उत्पादन तथा बजारीकरण
५.२. (थ) विउ उत्पादन कार्यक्रम
५.२. (द) कृषि पकेट स्थापना :खाद्यान्न बाली,नगदे बाली,मसला बाली,तेलहन बालि,दलहन बाली,तरकारी ,फलफुल**

## परिच्छेद -४

## छनौट प्रक्रिया तथा व्यवस्थापन अनुगमन र मुल्यांकन



*पहिलो संशोधन

** दोस्रो संशोधन

### ६. छनौट प्रक्रिया:

६.१. रित पूर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्बन्धित वडा कार्यालयको वडा समितिले आवेदन दिने अन्तिम दिनको सात (७) दिन भित्र पेश हुन आएका प्रस्तावहरुलाई प्राथमिकीकरण गरी गाउँपालिकामा छनौटको लागि सिफारिस गरी पठाउनेछ।

**नोट : गत दुई आर्थिक बर्ष भित्र अनुदान लिएको कृषक , ब्यबसायिक फर्मले पुन: अनुदान को लागि आवेदन गर्न पाउने छैन ।**

### ७. प्रस्तावको मुल्यांकन तथा छनौट :

७.१ वडा कार्यालयबाट आएका प्रस्तावहरु मुल्यांकन गर्ने र छनौट गर्ने उदेश्य एवम यस प्रक्रियालाई व्यवस्थापन गर्ने उदेश्यले गाउँपालिकामा देहाय वमोजिमको अनुदान व्यवस्थापन समिति रहने छ ।

- क) गाउँपालिकाको अध्यक्ष – संयोजक
- ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य
- ग) आर्थिक विकास समिति संयोजक – सदस्य
- घ) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
- ङ) योजना अनुगमन शाखाका प्रमुख – सदस्य
- च) लेखा प्रमुख – सदस्य
- छ) कृषि तथा पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

८. मूल्यांकनका आधारहरु : मूल्यांकनका आधारहरु **अनुसूची ५** मा उल्लेख भए अनुसार हुनेछ ।

९. अनुदान व्यवस्थापन समितिले छनौट चरणमा पेश हुन आएका प्रस्तावहरु वडाबाट प्रथामिकरण गरिएको प्रक्रियामा अस्पस्ट भएमा पुन वडा कार्यालयलाई थप प्रक्रियाको लागि निर्देशन दिन सक्ने छ ।

**१०. छनौट भएको सूची प्रकाशन :** मुल्यांकन तथा छनौट समितिबाट निर्णय भई सिफारिस भएका कृषक, कृषक समूह, सहकारी /फर्महरुको सूचि प्रकाशन सम्बन्धित शाखाले गर्ने छ ।

११. सम्झौता र कार्यको थालनी गाउँपालिकाले नियम वमोजिम सम्बन्धित लाभग्राही संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ । यसको व्यवस्थापन गर्ने जिम्मेवारी कृषि / पशु सेवा शाखाको हुनेछ ।

### १२. कार्यक्रम अनुगमन समिति :

आरुघाट गाउँपालिकाद्वारा संचालन गरिने कृषि तथा पशु विकास कार्यक्रम अनुदान कार्यन्वयन प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन समिति रहनेछ ।

- क) गाउँपालिकाको उपाध्यक्ष – संयोजक
- ख) आर्थिक विकास समिति संयोजक – सदस्य
- ग) सम्बन्धित वडाको वडाध्यक्ष –सदस्य
- घ) योजना हेर्ने प्राविधिक – सदस्य
- ङ) कृषि/पशु शाखाको प्रमुख – सदस्य

## परिच्छेद -५
## भुक्तानी प्रक्रिया

### १३. अनुदान रकम र भुक्तानी प्रक्रिया:

१) ** गाउँपालिका अनुदान रकम /प्रतिशत निम्न वमोजिम रहनेछ ।

- क) गोठ / मलखाद व्यवस्थापन रु २५००० (५०%)
- ख) समूह /सहकारी पकेट विस्तार कार्यक्रम अधिकतम रु १० लाख(५०%)

ग) साना सिंचाई पूर्वाधार विकासमा वढीमा ८५%

घ) कृषि यन्त्रीकरण ,औजार,उपकरण,मेशिन वढीमा ६०%

ङ) चरण खर्क सुधार कार्यक्रम ६०%

च) कृषि / पशु सेवाका अन्य अनुदानका कार्यक्रमहरु ५० %

छ) घुम्ती गोठमा प्रयोग हुने सोलार टुकी त्रिपाल लगायतका सामाग्रिहरु आबश्यक्कता अनुसार ९०% अनुदानमा उपलब्ध गराउन सकिनेछ । **

२) गाउँपालिकाले निम्न वमोजिमको कागजात पेश भई प्रक्रिया पुरा गरेको खण्डमा अनुदानको भुक्तानी दिनेछ ।

क) भुक्तानीका लागि निवेदन ।

ख) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,

ग) वडा तथा गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन,

घ) आवश्यक बिल भरपाई,

ङ) अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटो २ प्रति,

च) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,

छ ) सम्बन्धित शाखाको कार्य सम्पान्न प्रतिबेदनको सिफारिस ।

* कार्यक्रम संचालनको लागि कुनैपनि पेश्की दिइनेछैन

**१४. भुक्तानी दिन बाध्य नहुने:**

१. अनुसूची ६ अनुसार सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२. सम्झौता गरेको आर्थिक वर्षको अन्त्य सम्ममा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

**परिच्छेद -६**

**विविध**

क. कार्यविधि सम्सोधन तथा परिमार्जन : यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा वा बाझिन आएमा सोको ब्याख्या गर्ने वा यस कार्यविधि संसोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

ख. खारेजी :- कार्यपालिकाले अर्को कार्यविधि लागु गरेको खण्डमा यस कार्यविधि स्वत खारेजी हुनेछ ।



**पहिलो संशोधन*

** *दोस्रो संशोधन*

## अनुसूची -१

### कृषि तथा पशुपालन सम्वन्धी कार्यक्रमको प्रस्ताव आव्हानको सुचनाको ढाँचा

**आरुघाट गाउँ पालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**कृषि/पशु सेवा शाखा**
**आरुघाट, गोरखा**

**कृषि तथा पशुपालन सम्वन्धी कार्यक्रमको प्रस्ताव आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति : ................

यस कार्यालयको आ.व....................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवाहरुलाई ................................ सम्वन्धी कार्यक्रमका माध्यमवाट रोजगार/ स्वरोजगार प्रदान गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक बेरोजगार /कृषक /कृषक समूह / कृषि सहकारी / कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ** १५ ** दिन भित्र तोकिएको ढाँचा अनुरुप तपशिलका कागजात सहित प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

१. अनुसूची -२ अनुरुपको आवेदन,
२. अनुसूची -३ अनुरुपको संक्षिप्त कार्ययोजना,
३. अनुसूची -४ अनुरुपको स्वघोषणा पत्र,
४. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
५. व्यवसाय दर्ता / गत आ. व.को करचुक्ता /पान नं.आदिको प्रतिलिपि,
६. जग्गाको लाल पुर्जा / भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्र।



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

## अनुसूची -२
## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

मिति:.......................................

श्रीमान् कृषि/पशु सेवा शाखा प्रमुख/वडा अधक्ष ज्यू..... वडा कार्यालय
आरुघाट गाउँपालिका, कृषि पशु सेवा शाखा /......वडा कार्यालय,
आरुघाट, गोरखा।

**विषय: कार्यक्रम अनुदान सम्बन्धमा।**

प्रस्तुत विषयमा आरुघाट गाउँपालिका, कृषि विकास / पशु सेवा शाखाबाट मिति........................ मा प्रकाशित सूचना अनुसार ......................................................... शीर्षक अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्न कागजातहरु:**

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक/एक प्रति।

ख) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए कुन शिर्षकमा कति अनुदान लिएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा खुलेको सिफारिस पत्र।

ग) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि।

घ) आवेदकले आफूले संचालन गर्ने व्यवसायकोअनुसूची ३ अनुसारको परियोजना प्रस्ताव।

ङ) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्ष भाडामा लिएको खुल्ने काजजातको प्रतिलिपि।

च) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

छ) अनुसूची ४ अनुसारको स्वघोषणा ।

निवेदकको
दस्तखत:
नाम, थर:
ठेगाना:
सम्पर्क नं.:
छाप:



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

**अनुसूची -३**

**व्यवसायी फार्म संचालनको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना**

**व्यवसायी फार्म परियोजना प्रस्ताव**

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| गाउँपालिकाबाट माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| पस्तावना पेश गर्ने व्यक्ति वा संस्थाको नाम | |

**२) प्रस्तावनाको औचित्य तथा महत्व**

तालिका : ..........................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिककुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

३. **अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

पा्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन् :

- **व्यवसायको आकार**

- **बार्षिक उत्पादन**
- **बार्षिक जम्मा आम्दानी**

- **रोजगारी सिर्जना**

४) **परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| | | | नयाँ | हाल | थप गने | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | | |

५) **फर्मले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

६) **खर्च विवरण**

**क स्थिर खर्चको विवरण**

कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| क्र.सं. | कि्रयाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| ज्ञ | | | | | |
| द्द | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख चालु खर्चको विवरण (एक बर्षको मात्र)**

कामदार, मल विउ, दाना, घांस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि ।

| क्र.सं. | कि्रयाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |



*∗पहिलो संशोधन*

*∗∗ दोस्रो संशोधन*

## ७. लागत साझेदारी

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **जम्मा खर्च** (रु.) | **परियोजना को पहिलो बर्षको** (रु.) | **अनुदान उपलब्ध गराउने कार्यालय वा संस्थाको** (रु.) | **अनुदानग्राहीको लागत** (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

कृषकको नाम थर :

ठेगाना :

हस्ताक्षर:

सम्पर्क नं.:

## अनुसूची ४

## स्वघोषणा

लिखितम यसै गोरखा जिल्ला आरुघाट गाउँपालिका आगे आरुघाट गाउँपालिका वडा नं.........................बस्ने बर्ष ................को म ..................................ले गत दुई आर्थिक वर्ष भित्र कुनैपनि सरकारी निकाय तथा अन्य संघ संस्था बाट अनुदान स्वरुपको रकम/अन्य कुनै पनि सुबिधा नलिएको व्याहोरा ठिक साँचो हो, झुठा ठहरिय कानुन वमोजिम सहौंला बुझौंला साथै यस कार्यक्रम संचालन गर्दा लाग्ने कुल रकम मध्ये अनुदान रकममा नपुग सम्पूर्ण रकम आफै लगानी गर्न मन्जुर भई यो स्वघोषणा पत्रमा सहि छाप गरिदिए इति संवत २०७...साल.......................महिना ............गते रोज ..........शुभम।

**सहि छाप गर्ने**

नाम थर :

ठेगाना :

दस्थाखत :

फोन.नं. :

| दायाँ | वायाँ |
|---|---|
| | |

**रोहवर**

नाम थर :

पद :

कार्यलय :



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

**अनुसूची -५**
**दफा ८ सँग सम्बन्धित**

| **क्र.सं.** | **छनौटका आधारहरु** | **अंक** |
|---|---|---|
| १ | फर्म दर्ता भएको | (२०) |
| | | ३ बर्ष भन्दा अघिकोले २० अंक |
| | | २ बर्ष देखि ३ सम्मकोले १५ अंक |
| | | १ बर्ष देखि २ सम्मकोले १५ अंक |
| | | अन्य ५ अंक |
| २ | सम्बन्धित विषयमा तालिम | (५) |
| | | ७ दिन भन्दा बढी ५ अंक |
| | | ७ दिन भन्दा कमले ३ अंक |
| ३ | लक्षित वर्ग | (१५) |
| | | अति बिपन्न १५ |
| | | सिमान्तकृत दलित तथा जनजाती,१० |
| | | अन्य –५ |
| ४ | व्यवसायीकरण | (१०) |
| | | सामुहिक -१० |
| | | व्यक्तिगत -५ |
| ५ | कार्यक्रम संचालनको लागि पूर्वाधार | (२०) |
| ६ | अनुभव | (१०) |
| ७ | प्रस्तावकको मुख्य पेशा | (२०) |
| | क. भेंडा/ बाख्रा | २५ भन्दा बढी माउ भएकोले २० अंक |
| | | २० भन्दा बढी भएकोले १५ अंक |
| | | १० भन्दा बढी भएकोले १० अंक |
| | | १० भन्दा कम भएकोले५ अंक |
| | ख. गाई, भैसी तथा बंगुर | ३ भन्दा बढी भएकोले २० |
| | | २ भन्दा बढी भएकोले १५ |
| | | १ वा १ भन्दा बढी भएकोले १० |
| | ग. कुखुरा (लेयर्स, बोइलर) | ५०० भन्दा बढी भएकोले २० |
| | | ३०० भन्दा बढी भएकोले १५ |
| | | ३०० भन्दा कम भएकोले १० |
| | घ. माछा पोखरी | २ रोपनीमा भन्दा बढी पोखरी भएकोले २० |
| | | २ रोपनीमा भन्दा कम पोखरी भएकोले १५ |
| | ङ) तरकारी खेति | १० रोपनीमा गर्नेलाई २० अंक |
| | | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ५ रोपनीमा गर्नेलाई १० अंक |
| | च) च्याउ खेति | ८ रोपनीमा गर्नेलाई २० अंक |
| | | ६ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ४ रोपनीमा गर्नेलाई १० अंक |
| | छ) मौरी पालन | ३० घार पाल्नेलाई २० अंक |
| | | २० घार पाल्नेलाई १५ अंक |



*पहिलो संशोधन

** दोस्रो संशोधन

| | | |
|---|---|---|
| | | १० घार पाल्नेलाई १०अंक |
| | ज) आलु खेति | १० रोपनीमा गर्नेलाई २० अंक |
| | | |
| | | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ६ रोपनीमा गर्नेलाई १० अंक |
| | झ) ब्यबसायिक रुपमा टनेलमा तरकारी खेति | ब्यबसायिक रुपमा ८ वटा टनेलमा खेति गर्ने कृषकलाई २० अंक |
| | | ब्यबसायिक रुपमा ६वटा टनेलमा खेति गर्ने कृषकलाई १५ अंक |
| | | ब्यबसायिक रुपमा ४ वटा टनेलमा खेति गर्ने कृषकलाई १० अंक |
| | ट) खाद्यान्न बाली ( धान, मकै,कोदो, गहुँ) | १५ रोपनीमा धान खेती गर्नेलाई २० अंक |
| | | १० रोपनीमा धान खेती गर्नेलाई १५ अंक |
| | | ८ रोपनीमा धान खेती गर्नेलाई १० अंक |
| | ठ)नगदे बालि (अलैची,अदुवा,वेसार) | १५ रोपनीमा नगदे खेती गर्नेलाई २० अंक |
| | | १२ रोपनीमा नगदे खेती गर्नेलाई १५ अंक |
| | | ८ रोपनीमा नगदे खेती गर्नेलाई १० अंक |



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

## अनुसुची -६
## व्यवसायिक फार्म संचालनको लागि सम्झौता पत्रको नमूना

श्री आरुघाट गाउँपालिका .......................... शाखा र(यस पछी पहिलो पक्ष भनिने) र गोरखा जिल्ला आरुघाट गाउँपालिका वडा नं......मा स्थापना भएको श्री .........................................का प्रोपाइटर वा अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २०७७/०७८ को स्वीकृत व्यवसायीक फार्म स्थापना सहयोग कार्यक्रम आरुघाट गाउँपालिका वडा नं. ... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता–पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

कार्यक्रमको नाम : ..........................

**तपसिल :**

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार ..................व्यवसाय ................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने व्यवसायीक फार्मको कुल लागतको बढिमा रु..................... अक्षेरुपी ............................ रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कार्य सम्पन्न पश्चात कार्य योजना/सम्झौता अनुसारको काम सकिय पछि मात्र अनुदान रकम एकमुस्ट उपलब्ध गराइने छ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र व्यक्ति तथा व्यवसायीक फार्म स्थापनाको लागत ईष्टिमेट/कार्ययोजना अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

६. दोश्रो पक्षले यहि २०८......साल ...............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ।

७. दोस्रो पक्षले लागत ईष्टिमेट/कार्ययोजना अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

९. दोस्रो पक्षले कार्यक्रम संचालन भएको स्थानमा अनुदान रकम र लागतन साझेदारी सहितको बिस्तृत विवरण झल्कने गारी सबैले देखिने स्थानमा होडिङ बोर्ड राख्नुपर्ने छ ।

१०.

११.

| **प्रथम पक्षको तर्फबाट** | **द्रोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम थर : | नाम थर : |
| पद : | पद : |
| कार्यालयको छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

**रोहबर**

नाम :-

पद :-



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत



**पहिलो संशोधन*

*** दोस्रो संशोधन*